
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३४८ पृष्ठ ८ | काठमाडौं, बिहीबार ११ वैशाख २०८२ | वैशाख कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४५ | THURSDAY, APRIL 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी




## संघीय निजामती ऐन : हात्ती छिर्‍यो, पुच्छर अड्कियो

नेपालमा संविधान जारी भएको १० वर्ष भइसक्दा पनि संघीय निजामती सेवा ऐन आउन सकेको छैन । यसले देशमा संघीयता कार्यान्वयनमा नै प्रभाव पारेको छ । राजनीतिक नेतृत्व र कर्मचारीबीचको स्वार्थको द्वन्द्व, केन्द्रीकृत सोच, दलदल बीचमा रहेको फरक मतले गर्दा यो ऐन आउन नसकेको देखिन्छ । पछिल्लो समयमा 'कुलिङ पिरियड', अतिरिक्त सचिवलगायतका केही नयाँ व्यवस्था पनि थप गरेर ऐन ल्याउने प्रयास भइरहेको छ ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## शिक्षा मन्त्रीमा पन्त नियुक्त



**काठमाडौं** (अन्नपूर्ण) : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको जिम्मा रघुजी पन्तलाई दिइएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरेका हुन्। संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री ओलीले गरेको सिफारिसबमोजिम राष्ट्रपति पौडेलले पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरेका हुन्।

करिब ३ सातादेखि शिक्षकहरू आन्दोलनमा लागिरहेका समयमा माग पूरा गर्न प्रयासरत पूर्वशिक्षामन्त्री विद्या भट्टराई असफल भएपछि सोमबार उनले मन्त्री पदबाट राजीनामा दिएकी थिइन्। तर, उनले दिएको राजीनामा पत्रमा भने स्वास्थ्यको कारण देखाइएको छ।

» बाँकी पृष्ठ ६

## आतंकवादविरुद्ध भारतलाई ओलीको साथ

**राधा खनाल** | *काठमाडौं*



आतंकवाद विरुद्धको लडाइँमा भारतलाई आफ्नो पूर्ण साथ रहेको प्रधानमन्त्री केपी शर्मा ओलीले बताएका छन्। भारतको जम्मु-कश्मिरमा मंगलबार भएको आतंकवादी हमलाको भर्त्सना गर्दै प्रधानमन्त्री ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीलाई आफ्नो ऐक्यबद्धता जनाएका हुन्। उनले मोदीसँगको टेलिफोन संवादमा आतंकवादी हमलमा ज्यान गुमाउनेप्रति समवेदना प्रकट गर्दै यस्ता कार्यविरुद्ध नेपालको ऐक्यबद्धता रहेको जनाए।

'मैले उहाँ (मोदी) सँग कुरा गरेँ र पहलगाम आतंकवादी हमलामा ज्यान गुमाउनेप्रति गहिरो समवेदना व्यक्त गरेँ', प्रधानमन्त्री ओलीले भनेका छन्, 'यस्ता जघन्य कार्यहरूविरुद्ध भारतसँग नेपालको अटल ऐक्यबद्धता दोहोर्‍याएँ।' भारतको जम्मु-कश्मिरको अनन्तनाग जिल्लास्थित पहलगामको बैसारन मिडोमा मंगलबार दिउँसो २ बजेर ५० मिनेट जाँदा आतंकवादी हमला भएको छ। उक्त आक्रमण बैसरान भन्ने स्थानमा भएको हो। सो ठाउँ भारतको मुख्य पर्यटकीय स्थानका रूपमा चिनिँदै आएको छ। गत वर्ष मात्रै कश्मिरमा ३५ लाख पर्यटक पुगेका सरकारी तथ्यांक छ। तर, त्यसमा पनि सबैभन्दा बढी पहलगाममै आएको तथ्यांक भारत सरकारले सार्वजनिक गरेको छ।

उक्त हमला भएकै बखत पनि त्यहाँ पर्यटक खचाखच थिए। त्यही समयमा आतंककारीले पर्यटक, स्थानीय बासिन्दा र व्यावसायिक गतिविधिमा संलग्न नागरिकमाथि अन्धाधुन्ध गोली प्रहार गरेका थिए।

उक्त घटनामा कम्तीमा २८ जनाले ज्यान गुमाएका र २० भन्दा बढी घाइते भएका भारतीय सञ्चारमाध्यम हिन्दुस्तान टाइम्सले जनाएको छ। अन्य २ जनाको अवस्था पनि चिन्ताजनक रहेको जनाइएको छ।

» बाँकी पृष्ठ ६

## जम्मुको भूमिमा ढले सुदीप

**लक्ष्मण पोखरेल** | *बुटवल*

परिवारसहित भारतको जम्मु-कश्मिर घुम्न पुगेका बुटवलका २७ वर्षीया सुदीप न्यौपानेले आतंकवादी हमलामा परी ज्यान गुमाएका छन्। गत शनिबार उनी आमा रिमकला, बहिनी सुष्मा र ज्वाइँ युवराज काफ्लेसहित भारतको भ्रमणमा निस्किएका थिए। मंगलबार कश्मिरको पहलगामको बैसारन पुगेका उनको परिवारमाथि हतियारधारीले आक्रमण गरेका थिए।

पहलगाम कश्मिरको चर्चित पर्यटकीय क्षेत्र हो। जसलाई भारतको स्विट्जरल्यान्ड भन्ने गरिन्छ। हतियारधारी समूहले सुदीपलाई 'तेरो धर्म के हो?' भनेर सोधेका थिए। प्रश्नको उत्तर दिँदै सुदीपले आफू हिन्दु भएको बताए। त्यसलगत्तै उनीमाथि गोली प्रहार भएको उनका काका एवं बुटवल उपमहानगरपालिका १४ का वडाध्यक्ष दधिराम न्यौपानेले बताए।

भारतीय सञ्चारमाध्यममा खबर फैलिएपछि परिवारका सदस्यले सुदीप मृत्युको जानकारी पाएका थिए। बुधबार मात्रै मृत्युको खबर पाएका उनीहरूले घुम्न गएका परिवारका सदस्यसँग सम्पर्क गरेका थिए। परिवारका अन्य सदस्यहरू भने सकुसल छन्। सुदीप अविवाहित हुन्। उनकी बहिनीको दुई वर्षअघि बिहे भएको थियो। बुटवल उपमहानगरपालिका १४, बेलभरियामा उनी जन्मिएका हुन्। उनको परिवार बुटवलको कालिकानगरमा बस्दै आएका छन्। सुदीपले बुटवलमा हेल्थ असिस्टेन्स अध्ययन गरी काठमाडौंमा स्नातक गरेका थिए। बुटवलमा रहेर उनले जागिर गर्दै मुख स्वास्थ्यको विषयमा अभियान लिएर ग्रामीण क्षेत्रमा काम गर्दै आएको उनको परिवारले जनाएको छ।



**आमा र बहिनीसँग सुदीप न्यौपाने।**

सुदीप परिवारका एक्ला छोरा हुन्। उनका बाबु ध्रुव (कौशलराज) न्यौपाने रुपन्देहीको मोतीपुरस्थित भवानी माध्यमिक विद्यालयका शिक्षक हुन्। शिक्षक आन्दोलनमा काठमाडौं पुगेका उनले बुधबार बिहान बुटवल आउँदै गर्दा बाटोमै समाचार देखेर घटनाको जानकारी पाएका थिए। 'मैले देवदह आउँदा फेसबुकमा हेरेर थाहा पाएँ', उनले भने। उनले एक महिनाअघि मात्रै छोरालाई भेटेका थिए। बाबु र आमाबीच खटपट भएपछि उनीहरूबीच २०६८ मा सम्बन्ध विच्छेद भएको थियो। त्यसयता बाबु र आमा छुट्टाछुट्टै छन्। छोरा र छोरी भने आमासँगै बस्दै आएका छन्।

» बाँकी पृष्ठ ६

